# संघीय संसद
# प्रतिनिधि सभा
चौथो अधिवेशन
## बैठक संख्या - ३
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल वैशाख २२ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा बिहान ११:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै राष्ट्रिय जनता पार्टी नेपालका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री लक्ष्मणलाल कर्णलाई समय दिनुहुँदा उहाँले सरकारको तर्फबाट तेस्रो अधिवेशनमा नै गिरिशचन्द्र लाल आयोगको प्रतिवेदन छिट्टै सार्वजनिक गर्ने प्रतिवद्धता व्यक्त गरेतापनि हालसम्म सार्वजनिक नगरेको र सम्माननीय सभामुखबाट भएको रुलिङ्गको समेत वेवास्ता गरेको भन्नुहुँदै उक्त आयोगको प्रतिवेदन सार्वजनिक गराउन सम्माननीय सभामुखबाट पुनः सरकारलाई निर्देश होस् भन्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले मा० सदस्यहरुले उठाउनु भएको विषयतर्फ सरकारको ध्यानाकर्षण भैसकेकोले बैठकको कारवाही अगाडि बढाउँछु भन्नुभएपछि सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीले "२०७६ वैशाख २० गते शुक्रबार सम्माननीय राष्ट्रपतिबाट संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गरिएको सम्बोधनमा उल्लिखित आ.व. २०७६/०७७ को लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको छलफल प्रारम्भ गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त प्रतिनिधि सभामा विपक्षी दलको नेता मा० श्री शेरबहादुर देउवाले आ.व. २०७६/०७७ को लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले आ.व. २०७६/०७७ को लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रमको विभिन्न बुँदाहरुमा एकल र संयुक्त रुपमा ६ वटा संशोधनका सूचनाहरु प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि निम्नलिखित मा० सदस्यहरुले आ-आफ्नो संशोधन प्रस्ताव पेश गर्दै छलफलमा भाग लिनुभयो :-

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री मिनेन्द्र प्रसाद रिजाल
३. मा० श्री राजेन्द्र महतो
४. मा० श्री लक्ष्मणलाल कर्ण
५. मा० श्री चन्दा चौधरी
६. मा० श्री चन्द्रकान्त चौधरी

तदुपरान्त आ.व. २०७६/०७७ को लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि र सो उपर प्राप्त संशोधन माथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री अग्नीप्रसाद सापकोटा
२. मा० श्री दिलेन्द्र प्रसाद बडू
३. मा० श्री शरत सिंह भण्डारी
४. मा० श्री राजेन्द्र प्रसाद श्रेष्ठ
५. मा० श्री दुर्गा पौडेल
६. मा० श्री खगराज अधिकारी
७. मा० श्री पुष्पा भुसाल (गौतम)
८. मा० श्री राजकिशोर यादव
९. मा० श्री रेनुका गुरुङ्ग
१०. मा० श्री सत्य पहाडी
११. मा० श्री पार्वता डि.सी. (चौधरी)
१२. मा० श्री दलबहादुर राना
१३. मा० श्री डिला सँग्रौला (पंत)
१४. मा० श्री गजेन्द्र बहादुर महत
१५. मा० श्री सञ्जय कुमार गौतम
१६. मा० श्री गंगा चौधरी (सत्गौवा)
१७. मा० श्री मिनबहादुर विश्वकर्मा
१८. मा० श्री राजेन्द्र प्रसाद गौतम
१९. मा० श्री राजेन्द्र कुमार के.सी.
२०. मा० श्री गौरीशंकर चौधरी
२१. मा० श्री सत्यनारायण शर्मा खनाल
२२. मा० श्री खेमप्रसाद लोहनी
२३. मा० श्री रामबहादुर विष्ट
२४. मा० श्री आशा कुमारी वि.क.
२५. मा० श्री प्रकाश रसाईली (स्नेही)
२६. मा० श्री रविन्द्रराज शर्मा

२७. मा० श्री उमेश श्रेष्ठ
२८. मा० श्री भैरव बहादुर सिंह
२९. मा० श्री बहादुर सिंह लामा (तामाङ)
३०. मा० श्री लक्ष्मी परियार
३१. मा० श्री घनश्याम खतिवडा
३२. मा० श्री दामोदर भण्डारी
३३. मा० श्री नारदमुनि राना
३४. मा० श्री नारायणप्रसाद मरासैनी
३५. मा० श्री गोपाल बहादुर बम
३६. मा० श्री दुर्गा कुमारी विश्वकर्मा
३७. मा० श्री हरिराज अधिकारी
३८. मा० श्री जुली कुमारी महतो
३९. मा० श्री विमला वि.क.
४०. मा० श्री नवराज सिलवाल
४१. मा० श्री पदम गिरी
४२. मा० श्री महेश बस्नेत
४३. मा० श्री नरबहादुर धामी
४४. मा० श्री प्रेम बहादुर आले
४५. मा० श्री कमला रोक्का
४६. मा० श्री देवप्रसाद तिमलसेना
४७. मा० श्री देवप्रसाद गुरुङ

तत्पश्चात सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिको सम्बोधनमा उल्लिखित आ.व. २०७६/०७७ को लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको छलफलमा मा० सदस्यहरुले बोल्ने क्रम आगामी बैठकमा जारी रहने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०७६ साल वैशाख २३ गते सोमबार बिहान ११:०० बजे बस्नेगरी अपरान्ह ६:१० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव